नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय

**सवारीसाधन लिलामको सुचना**

प्रथम पटक प्रकाशित मिति: २०७३।९।४

यस कार्यालयका देहाय बमोजिमका पुराना सवारी साधनहरु आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नू पर्ने भएको हूनाले यो सुचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**विवरण**

| लिलाम हुने मालसामान | ब्राण्ड | पावर,उत्पादन मिति,रङ | संख्या | न्युनतम मुल्य |
|---|---|---|---|---|
| जीप बा४च २५८ | किया मोटर | १९९८ सि.सि.,सन२००१,रातो | १ | ६,००,०००।०० |
| मोटरसाइकल ज१प९२०३ | यामाहा फेजर | १२५ सि.सि.,सन २००५,रातो | १ | १२,०००।०० |

१) लिलाम शिलबन्दी बोलपत्र खूल्ने स्थान, समय र मिति:
(क) स्थान: नेपाल राष्ट्र बैंक, जनकपूर कार्यालय ।
(ख) समय: दिउसो २.०० वजे ।
(ग) मिति: २०७३।९।१९

२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हून आउने रकम यस कार्यालयको स.क्रे.हिसाव नं.१६०९९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हूनू पर्नेछ ।

३) प्रत्येक सवारीसाधनको लागि अलग अलग सिलवन्दी बोलपत्र पेश गर्नू पर्नेछ ।

४) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नू पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गरिनेछ ।

५) बोलपत्र फाराम किया मोटरको लागि रु.७००।- र मोटरसाइकलको लागि रु.५००।- (फिर्ता नहूने गरी) बूझाई यस बैंकको जनकपूर कार्यालयबाट लिन सकिने छ । उक्त रकम यस बैंकको ना.नो.आ.हि.फूटकर हिसाव नं.१६०००००-०३०-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नू पर्नेछ ।

६) लिलाम हूने सवारीसाधन हेर्न/बूझ्न चाहनेले कार्यालय समय १०:०० बजे देखि ४:०० बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनीदर्ता प्रमाणपत्र (नविकरण गरिएको स्थायी लेखानम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

८) लिलाम सम्बन्धी अन्य कूराहरु प्रचलित नेपाल राष्ट्र बैंक लिलाम निर्देशिका, २०६५ बमोजिम हूनेछ ।